# प्यूठान नगरपालिकाको राहत वितरण कार्यविधि,२०७५

## प्रस्तावना

प्यूठान नगरपालिकाको क्षेत्रभित्र विपद् कडा रोग तथा अशक्तता र गरिबीको कारणले नगरबासीहरुलाई राहत तथा आर्थिक सहायता प्रदान गर्ने काममा एकरुपता ल्याउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०(२२) ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ बमोजिम प्यूठान नगरपालिकाको राहत वितरण कार्यविधि, २०७५ लागु गरिएको छ।

## भाग १ : सक्षिप्त नाम र प्रारम्भ

**१.१** यो कार्यविधिको नाम प्यूठान नगरपालिकाको राहत वितरण कार्यविधि,२०७५ हुनेछ।

**१.२** यो कार्यविधि प्यूठान नगरपालिकाको कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ।

**१. "ऐन"** भन्नाले स्थानीय सरकार ऐन, २०७४, नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ र प्यूठान नगरपालिकाको विपद् व्यवस्थापन ऐनलाई सम्झनु पर्दछ।

**२. "नगर कार्यपालिका"** भन्नाले प्यूठान नगरपालकाको नगर कार्यपालिका सम्झनुपर्दछ।

**३. "विपद्"** भन्नाले संघीय विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र प्यूठान नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७५ बमोजिम मानव सिर्जित तथा प्राकृतिक रुपमा घटने आकस्मिक घटनालाई सम्झनु पर्दछ।

**४. "गरिब"** भन्नाले वडाले सिफारिस गरेका प्यूठान नगरपालिका क्षेत्र भित्र रहेका व्याक्तिहरुलाई सम्झनु पर्दछ।

**५. "कडा रोग"** भन्नाले स्वास्थ्य मन्त्रालयले कडा रोग भनी किटान गरेर विपन्न नागरिकलाई स्वास्थ्य सेवामा उपचार सहुलियत दिने मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईञ्जुरीलाई सम्झनु पर्दछ।

**कार्यबिधिको उद्धेश्य** :

यस कार्यबिधिको उद्धेश्य प्यूठान नगरपालिकाभित्र विपद् कडा रोग तथा आर्थिक विपन्नताका कारणले नगरक्षेत्रभित्रका नागरिकहरुलाई राहत प्रदान गर्ने काममा एकरुपता र स्पष्टता कायम गर्नु रहेको छ।

## भाग २ : राहत वितरण सम्बन्धी व्यवस्था

**२.१** विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यू भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.३५००० का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराईनेछ।

**२.२** विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु.२५०००। र आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.५०००। तथा गोठ नष्ट भएमा रु.२०००। प्रति परिवार सहयोग उपलब्ध गराईनेछ ।

**२.३** विपदको घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु.३०००। यातायात खर्च दिईनेछ ।

२.४ विपदको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखि शिविर संचालन, आवश्यक सहयोग र समन्वय गरिनेछ ।

२.५ प्यूठान नगरपालिकाको विपद जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७५ बमोजिमको विपद व्यवस्थापन कोष निर्माण तथा खाता सञ्चालन गरी सोही खातामा खर्च लेखिनेछ ।

२.६ विपद व्यवस्थापनमा भएको खर्च नगरकार्यपालिकाबाट समर्थन र नगरसभामा पेश गरिनेछ । साथै यस बमोजिम राहत पाउनेको नाम, वतन समेतको विवरण नगरसभामा पेश गरिनेछ ।

२.७ प्यूठान नगरपालिकाभित्र कडा रोग लागि उपचार गराउनुपर्ने वा निजको परिवारको भरण पोषण गर्ने प्रयोजनका लागि वडाको सिफारिस, डाक्टरको निदान पत्र, स्थलगत तथा टोल छिमेकको सर्जमिन र नगर कार्यपालिकाको निर्णय बमोजिम बढीमा रु.१ लाख सम्म उपचार राहत उपलब्ध गराईनेछ ।

२.८ प्रथम नगरसभा र तेश्रो नगरसभाले कडा रोग लागेकालाई औषधी उपचार गर्न अस्पताल जानु पर्ने भएमा रु. १०,०००। यातायात खर्च उपलब्ध गराउने निर्णय गरे बमोजिमको रकम वडाको सिफारिस, अस्पतालको निदान पत्र तथा रिफर गरिएको पत्र अनिवार्य हुनुपर्नेछ ।

२.९ राजनीतिक दलहरुको केन्द्रीय महाधिवेसनको लागि रु.२०,०००। र जिल्ला अधिवेसन तथा भेलाका लागि १०,०००। तथा तिनका भातृ संगठनको महाधिबेसन तथा जिल्ला अधिवेसनको लागि क्रमश :१० हजार र ५ हजार उपलब्ध गराईने छ । यसरी रकम उपलब्ध गराउँदा जिल्ला समितिको चेक रकम बुझ्ने व्याक्ति तोकिएको अनुरोध पत्र आवश्यक पर्नेछ ।

२.१० २.७, २.८ र २.९ बमोजिम राहत तथा चन्दा पाउनेको नाम वतन समेतको विवरण नगरसभामा पेश गरिनेछ ।

## भाग ३ - विविध

३.१ यस कार्यविधिमा उल्लेखित प्रावधानहरुमा छुट हुन गई कुनै विषयवस्तु थपघट गर्न  वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धीत ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

३.२ यस कार्यविधिमा उल्लेख गरिएका प्रावधानहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका विषयवस्तुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३.३ यस अघि आ.व २०७४/७५ मा यस प्रकृति बमोजिम भए गरेका कामहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

३.४ यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।